गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्कोट, बागलुङ

प.स. ०७६/७७

च.न.

गण्डकी प्रदेश, नेपाल

मिति २०७७।३।७

## प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोवल कोरोना भाइरस (कोभिड १९)को सम्भावित जोखिमबाट बच्न नेपाल सरकारले घोषणा गरेको लकडाउनको समयमा छिमेकी मुलुक भारत लगायत तेस्रो मुलुकबाट स्वदेश फर्किएका नागरिकहरुलाई नाकावाट उद्धार गरी नगरपालिका अन्तर्गत विभिन्न क्वारेन्टाईनमा राखिएको छ । क्वारेन्टाइनमा राखिएका मध्ये स्वाव लिई पि.सि.आर.परीक्षणका लागि पठाईएकोमा हालसम्म केही मात्र रिपोर्ट प्राप्त भएको छ । पछिल्लो समय गण्डकी प्रदेश,प्रदेश जनस्वास्थ्य प्रयोगशाला पोखरामा भएको परीक्षणमा यस गल्कोट नगरपालिकाका ४ जनामा कोभिड १९ पुष्टि भएको छ । यससंगै हालसम्म संक्रमितको संख्या २५ पुगेको छ र उहांहरुको स्वास्थ्य अवस्था सामान्य रहेको छ । वहांहरु मध्ये ३ जनालाई बागलुङ बजारको धौलागिरी अस्पतालको आईसोलेसनमा राखी उपचार भईरहेको छ भने अन्य सम्बन्धित वडामा क्वारेन्टाईनमा रहेकोमा बागलुङ मा लैजाने तयारी भईरहेको र बागलुङमा वेडको अभाव भएको कारणले नगरपालिकाले तयार गरेको प्रि आइसोलेसनमा राख्ने तयारी भैरहेको छ । यस्तो विषम परिस्थितिमा सबैजना सचेत हुन र हतोत्साहित नहुन सम्पुर्ण नगरवासीमा हार्दिक अनुरोध गर्दछु ।

कोभिड १९ को संकमण हालसम्म विषेश गरी छिमेकी मुलुक भारतबाट आएका क्वारेन्टाईनमा बसेका नागरिकहरुमा मात्र देखिएको छ । यसलाई सामाजिक स्तरसम्म फैलिन नदिन हामी सबैले सामाजिक दुरी कायम गरी सजगता अपनाउन जरुरी छ । खास गरी गल्कोट नगरपालिका क्षेत्रभित्र संचालित अत्यावश्यक (विरामी, औषधी पसल, विउविजन तथा दाना बाहेकका) सम्पुर्ण व्यापार व्यवसाय तथा सवारी साधनहरु मिति २०७७/०३/०७ गतेदेखी लागु हुने गरी एक हप्ताको लागि पुर्ण रुपमा बन्द गर्ने निर्णय नगरपालिकाले गरेको छ । सम्पुर्ण नगरबासी दाजुभाई तथा दिदीबहिनीहरुमा उल्लेखित व्यापार व्यवसाय सवारी साधन र आवजावत लाई स्वतस्फुर्त ढंगले पुर्ण रुपमा बन्द गरी नगरपालिकालाई सुरक्षित बनाउने अभियानमा थप सहयोग गरिदिनुहुन समेत सम्बन्धित सबैमा यसै विज्ञप्तिमार्फत हार्दिक अनुरोध छ ।

भरत शर्मा
नगर प्रमुख